अध्यागमन विभाग र कार्यालयहरुलाई पूर्ण रुपमा Digitize र Automation गर्ने अभियानको क्रममा सबै कर्मचारीहरुले कार्यालयको कार्य भौतिक उपस्थिति बिना घरैबाट समेत लगइन गरेर काम सम्पन्न गर्न सकिने भएको छ। निकट भविष्यमा हस्तलिखित हस्ताक्षरको सट्टामा Digital Signature को प्रयोगमा ल्याइने छ। यसको लागि हाल system integration गर्ने कार्य भइरहेको छ।

अध्यागमन विभागबाट प्रदान हुने सबै सेवाहरु अनलाइन प्रणालीमार्फत् स्वचालितरुपमा (office Automation System) सञ्चालन भइरहेकोले नयाँ भिसा प्राप्त गर्न, भिसाको म्याद थप गर्न, पदयात्रा अनुमती प्राप्त गर्न सेवाग्राहीहरु भौतिकरुपमा कार्यालयमा उपस्थित हुनुपर्ने, आवेदन दिन र भुक्तानी गर्न लाइन बस्नुपर्ने अवस्थाको अन्त्य भएको छ। नाता र विवाहको आधारमा गैर पर्यटक भिसा लिने सेवाग्राही बाहेक अन्य सेवाग्राही विभाग आउनुपर्ने छैन। सबै प्रक्रिया अनलाइनमार्फत् नै हुने र अन्तिममा भिसा स्टिकर टाँस गर्न मात्र विभाग वा नेपालको जुनसुकै अध्यागमन कार्यालयबाट भिसा स्टिकर टाँस गर्न सकिनेछ।

भिसा जारी गर्ने व्यवस्थालाई थप प्रभावकारी, व्यवस्थित र सहज वनाउन कुटनीतिक नियोगहरुसँग सम्बन्धित भिसाका सम्पूर्ण कार्यहरु कन्सुलर सेवा विभागबाट र Business Visa उद्योग विभागमा रहेको एकल विन्दु सेवा केन्द्रबाट नै जारी गर्ने कार्य शुरु गरिएको छ।

Less Paper को अवधारणा बाट सुरु गरी Paper Less मा लैजाने उदेश्यका साथ विभागलाई पूर्णरुपमा अटोमेसन र सेवा प्रवाहलाई अनलाईन बनाईएको जसबाट कार्यालय व्यवस्थापन खर्च तथा कम जनशक्तिबाट सेवा प्रवाह गर्न सकिने भएको छ।

विभागबाट लिने सेवा शुल्क, भिसा शुल्क तथा जरिवानाहरु सबै नेपाली बैङ्कहरुका वालेट/मोबाईल बैंकिङ एपको QR तथा वालेट सेवा प्रदायक (Connect IPS, e-Sewa, Khalti) को खाताबाट अनलाईन मार्फत् भुक्तानी गरी सेवा लिन सक्ने व्यवस्था मिलाईएको छ। यसको लागि नेपाली वालेट e-Sewa, Khalti रहेको Government Paymentmenu भित्रको Department of Immigration बाट समेत ईमेलमा प्राप्त भौचर नम्बर राखेर विभागले लिने सेवा, शुल्क तथा जरिवाना तिर्ने सकिने व्यवस्था मिलाईएको छ।

यसबाट सेवाग्राहीले अनलाईनबाट भरेको आवेदनको अवस्था तथा भुक्तानीको विवरण अनलाईन प्रणालीमार्फत ट्र्याक गरी हेर्न सकिने भएको छ भने विभाग तथा कार्यालयहरुबाट प्रदान गरिने सेवा शुल्कको भुक्तानीको लागि Online भुक्तानीलाई प्रोत्साहन गर्ने गरिएको छ।

सेवा प्रवाह तथा सेवाग्राहीलाई सहजताको लागि Email तथा SMS मार्फत् जानकारी दिने गरिएको र डिजिटल साक्षरता कम भएका सेवाग्राहीको लागि सूचना प्रविधि शाखाका कर्मचारीहरु तथा अन्य सहायक कर्मचारी मार्फत् सहजिकरण गर्ने व्यवस्था मिलाइएको छ।

अध्यागमन विभागको अनलाईन प्रणालीलाई राहदानी विभाग, उद्योग विभाग, कन्सुलर सेवा विभाग, भन्सार विभाग, ईन्टरपोल, वैदेशिक रोजगार विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र भुक्तानीको लागि महालेखा नियन्त्रक कार्यालय तथा अन्य विभिन्न निकायहरुका अनलाईन प्रणालीसँग अन्तरआवद्धता गरिएको छ। निकट भविष्यमै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समेत अन्तरआवद्धता गरिने भएको छ।

विदेशी नागरिकहरुले विभागबाट लिने सेवाको शेवा शुल्कको भुक्तानीको लागि Cross Border Payment (अन्तर्राष्ट्रिय भुक्तानी प्रदायहरु) मार्फत् विभागको प्रणाली लाई जोड्न महालेखा नियन्त्रक कार्यालयसँग समन्वय भईरहेको छ। Cross Border Payment सम्बन्धी व्यवस्था भएपछि तत्काल e-Visa जारी गर्ने कार्य प्रारम्भ गरिने छ।

e-Visa लागु गर्ने पूर्व अभ्यासको लागि ETA (Electronic Travel Authorization) लाई लागू गरिएको छ। ETA मार्फत् संसारको कुनै पनि ठाउँबाट बिदेशी नागरिकले भिसा आवदेन गर्न सक्ने र e-Visa Section को अध्यागमन अधिकृतले आवेदन रुजु गरे पश्चात् आवेदकलाई सेवा शुल्कबापत्को भौचर स्वचालित रुपमा आवेदकको ईमेलमा जाने र आवेदकले नेपाली बैङ्किङ प्रणालीमार्फत् भुक्तानी गरे पश्चात् अध्यागमन विभागको प्रणालीबाट विद्युतीय हस्ताक्षरित ETA सम्बन्धित व्यक्तिको ईमेलमा जाने व्यवस्था रहेको छ। सो ETAलिएर विदेशी नागरिक नेपालको कुनै प्रवेश बिन्दुमा आई VISAलिएर नेपाल प्रवेश गर्ने व्यवस्था मिलाइएको छ।

विभाग तथा अध्यागमन कार्यालयहरु र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले प्रयोग गर्ने प्रणालीलाई ७×२४ दिन निरन्तर सेवा प्रणाहको लागि प्रणालीको पूर्वाधार स्तरोन्नती गरी त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा Primary Data Center र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा Recovery Center रहने छ। प्राकृतिक विपत्ति वा विपद्को समयमा Data Security को लागि हेटौडामा रहेको Data Recovery Centre (DRC) मा समेत Backup रहने व्यवस्था मिलाइएको छ।

हाल सञ्चालनमा रहेको प्रणालीको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी प्रणालीको सुरक्षा परीक्षण तथा हालको Monolithic प्रणालीलाई Micro Service Architecture मा विकास गरी सञ्चालनमा ल्याउने र प्रणालीलाई विभागको जनशक्तिबाट सञ्चालन हुने व्यवस्थाको लागि कार्य अघि बढाईएको छ।

नेपाल पर्यटन बोर्डको सहयोगमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको प्राविधिक तथा भौतिक पूर्वाधार सुधारको लागि विनियोजित रकम रु २ करोडको खरिद प्रकिया सम्पन्न भई कार्य प्रारम्भ गर्ने चरणमा रहेको छ। यसबाट हालको पुरानो प्रविधि र संरचनाहरु विस्थापित भई आधुनिक प्रविधयुक्त र सेवाग्राहीमैत्री संरचनाको निर्माण हुनेछ।

हालको प्रणालीमा रहेका तथ्याङ्कहरुलाई विश्लेषण तथा अन्य प्रयोजनको लागि आवश्यक रिपोर्टिङ प्रणालीको विकास

गर्ने गरी अध्ययन भईरहेको छ। यसबाट भविष्यमा देशलाई आवश्यक पर्ने तथ्याङ्कहरु सहज रुपमा प्राप्त हुनेछ।

हाल विभागले जारी गरिरहेको भिसा स्टिकरलाई स्तरोन्नति गरी नयाँ आधुनिक मुद्रण सुरक्षा सहितको भिसा स्टिकर लागू गर्ने गरी डिजाइन सम्पन्न भएको छ। निकट भविष्यमा नै यो आधुनिक मुद्रण सुरक्षा सहितको भिसा स्टिकर जारी हुनेछ।

सेवाग्राहीको सहजताका लागि विभागबाट KIOSK मेसिन हटाई अनलाईनमार्फत् प्रदान गरिने सेवाहरुको प्रयोगकर्ता निर्देशिका (User Manual) प्रणालीमा राखिएको आवश्यकता अनुसार विभागका कर्मचारीहरुलाई मोबाईल तथा बिदेशबाट WhatsAppऽ Viber मार्फत् सहजिकरण गर्ने गरिएको छ।

विभागको वेवसाईट तथा अन्य प्रणालीहरुलाई व्यवस्थित गरी सेवा प्रवाह तथा Digital Archive तथा अध्यागमन तथा Nepali Port प्रणालीसँग रहेका विभिन्न तथ्याङ्कहरुलाई स्वचालित रुपमा वेवसाईटमा प्रकासन हुने व्यवस्थाको लागि नयाँ स्वरुपमा नयाँ Website सुरु भएको छ।

भिजिट भिसामा UAE, Bahrain, Kuwait, Qatar, Oman, Saudi Arabia विदेश जाने नागरिकहरुले भर्ने स्व:घोषणा फाराम अनलाईनबाट भर्न गर्न सक्ने गरी प्रणालीको विकास गरी वेवसाईटमा राखिएको छ। अबदेखि स्व:घोषणा फाराम अनलाइन भर्न सक्ने व्यवस्था मिलाइएको छ।

कर्मचारीलाई सेवा प्रवाहको सहजताको लागि विदेशमा रहने नेपाली नागरिक तथा विदेशी नागरिकहरुको सहजताको लागि समाजिक सञ्चालहरु Viber,WhatsApp तथा WeChat जस्ता समाजिक सञ्जाल प्रयोगको लागि प्रोत्साहित गरिएको छ।

विदेशी नागरिकले निषेधित क्षेत्रमा पदयात्रा गर्नु पर्दा लिनु पर्ने Trekking Permit लाई Automatic Trekking Agency System लाई स्वचालित प्रणालीमा लागि अध्यागमन अधिकृतले आवेदन रुजु गरे पश्चात् आवेदकलाई सेवा शुल्कबापत्को भौचर स्वचालित रुपमा आवेदकको ईमेलमा जाने र आवेदकले नेपाली बैङ्किङ प्रणाली मार्फत् भुक्तानी गरे पश्चात् अध्यागमन विभागको प्रणालीबाट विद्युतीय हस्ताक्षरित Trekking Permit जारी भई सम्बन्धित agency ले आफैले print गर्न सक्ने व्यवस्था मिलाइएको छ।

विमानस्थल तथा बोर्डर पोर्टमा नयाँ कर्मचारी पठाउदा कम्तिमा ५ दिनको Nepali Port प्रणाली सञ्चालन सम्बन्धी आधारभूत तालिम प्रदान गरेर कार्यालयमा पठाउने व्यवस्था गरिएको छ।

विद्युतीय सारक्षरता र e-visa तथा अन्य visa apply गर्ने अनलाइन प्रणालीको सम्बन्धी जानकारीको लाग HAN, TAAN लगायत संस्थाहरुसँग सहकार्य गरी पर्यटन क्षेत्रसँग सम्बन्धित व्यवसायी तथा कर्मचारीहरुलाई तालिम दिने कार्य शुरु गरिने छ।

मौजुदा जनशक्ति र स्रोत साधनमा थप नगरी २०८० फागुन १ गतेदेखि यस विभागको सेवाप्रवाह विहान १० बजेदेखि ५ बजेसम्म सञ्चालन हुने गरेकोमा अब बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म र e-visa शुरु भएपछि बिहान ७ बजेदेखि बेलुकी ९ बजेसम्म सिफ्टप्रणालीमा वर्षमा ३६५ दिन नै कार्यालय सञ्चालन हुनेछ।

नेपालमा व्यवसायिक भिसा र पदयात्राको अवस्था

रेवतीरमण शर्मा
उप-सचिव, नेपाल सरकार

पृष्ठभूमि:

नेपालभित्र विदेशीहरुको बसाई, प्रवेश, उपस्थिति र प्रस्थानलाई व्यवस्थित, नियमित एवं नियन्त्रण गर्न तथा नेपाली नागरिकहरुको आगमन र प्रस्थानलाई व्यवस्थित गर्न अध्यागमको व्यवस्था गरिएको हो। नेपालको आन्तरिक शान्ति सुरक्षा र राष्ट्रिय हितमा अध्यागमनको सर्वाधिक महत्व छ।

नेपालको विकासको लागि विदेशी लगानी भित्राई नेपालाई आकर्षक लगानी गन्तव्यको रुपमा स्थापित गर्न विदेशी लगानी तथा प्रविधि सम्बन्धी ऐन २०३८ ले यस लाई कानूनी रुप दिएर विदेशी लगानी स्थापिन गर्न विभिन्न नीतिगत, संरचनागत तथा कानूनी सुधारका कार्यहरुको थालनी भएको र ततपश्चात् नेपालमा विदेशी लगानीको लागि मार्ग प्रशस्त भएको देखिन्छ।

विदेशी लगानीलाई बढी प्रभावकारी तथा सहज गराउने उदेश्यले २०४९ सालमा विदेशी लगानी र एकद्वार नीति कार्यान्वयनमा ल्याइएको भएतापनि त्यस अनुरुप ३१ वर्षको अवधिमा पनि विदेशी लगानीको अपेक्षाकृत वृद्धि हुन सकेको छैन। विश्वमा सूचना र प्रविधिको क्षेत्रमा भएको विकासले विश्वलाई एक टोकरीमा राख्न सफल भएको अवस्थालाई दृष्टिगत गरी परिवर्तित सन्दर्भलाई आत्मसात गर्दै नेपाललाई आकर्षक विदेशी लगानी स्थलको रुपमा स्थापना गर्ने उदेश्यका साथ नयाँ लगानी नीति २०६७ कार्यान्ययनमा ल्याइएको थियो। विश्व व्यापार संघको सदस्य हुनु, वहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोग सम्बन्धी बंगालको खाडी अग्रसरता (BIMSTEC), दक्षिण एसियाली स्वतन्त्र व्यापार सम्झौताजस्ता बुहक्षीय एवं क्षेत्रीय संम्झौताहरुको पक्ष राष्ट्र बनी नेपालको अर्थव्यवस्थामा सुधार ल्याउने हेतुले २०७१ सालमा विदेशी लगानी नीति ल्याएर बढी सरलीकृत गरिएको र दीगो आर्थिक विकास हासिल गर्ने उदेश्यसहित विदेशी लगानी तथा हस्तान्तरण ऐन, २०७५ जारी भई कार्यान्वयनमा आएको हुँदा सम्बन्धित मन्त्रालय वा विभागको सिफारिसको आधारमा अध्यागमन ऐन, २०४९, नियमावली २०५१ को नियम ९ र अध्यागमन कार्यविधि २०६५ को खण्ड ४.५ को अधिनमा रही छिटो, छरितो सहज र विदेशी लगानीलाई प्रोत्साहन हुने गरी अध्यागमन विभाग एक विन्दु सेवा केन्द्रबाट व्यवसायिक भिसा जारी हुँदै आएको छ।

विषय प्रवेश:

नेपालमा विदेशी नागरिकहरुको आगमन तथा प्रस्थानको नियमन एवं नियन्त्रण गर्ने कार्य २०१५ साल देखि प्रारम्भ भएको हो। २०४६ सालभन्दा अघि विदेशी नागरिकहरुको नियमन गर्ने जिम्मेवारी विदेशी सम्बन्धी ऐन, २०१५ र विदेशी सम्बन्धी नियमावली २०३२ बमोजिम सीमा क्षेत्रमा कार्यरत प्रहरी इकाईहरुलाई दिइएको पाइन्छ। गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागको स्थापना २०४६ सालमा भएको र यसअन्तर्गत त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, काठमाडौं, गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल, भैरहवा, पोखरा अन्तराष्ट्रिय विमानस्थल, पोखरा तथा सीमा नाकामा रहेका अध्यागमन कार्यालय लगायत १५ वटा अध्यागमन कार्यालयहरु हाल विद्यमान रहेका छन्।

अध्यागमन विभाग र अन्तर्गत कार्यालयहरुबाट प्रवाह गरिने सेवाहरु अध्यागमन ऐन २०४९, अध्यागमन नियमावली २०५१ र अध्यागमन कार्यविधि २०६५ र नेपाल सरकारबाट समय समयमा भएका नीतिगत निर्णय र परिपत्रका आधारमा हुँदै

आइरहेको छ।

अध्यागमन नियमावली २०५१ अनुसार नेपालमा निम्न किसिमका भिसा प्रदान गरिदै आएको छ।

१. कुटनैतिक भिसा
२. औपचारिक भिसा
३. पर्यटक भिसा
४. अध्ययन भिसा
५. गैरपर्यटक भिसा
६. व्यवसायिक भिसा
७. अन्तरिम भिसा
८. आवासीय भिसा
९. गैर आवासीय नेपाली भिसा

व्यवसायिक भिसाको अवस्था:

नेपालमा वैदेशिक लगानी गर्ने विदेशीहरुलाई प्रदान गरिने भिसालाई व्यवसायिक भिसाको रुपमा राखिएको छ। अध्यागमन विभागको व्यवसायिक भिसा शाखामा रहेको अभिलेखअनुसार २०७६ साल श्रावण देखि २०८० साल फागुन मसान्तसम्म करिब ४ बर्ष ८ महिनामा १२३७७ जना विदेशी लगानीकर्ताले व्यवसायिक भिसा लिई व्यवसाय गर्दै आईरहेको देखिन्छ।

सि.नं.	आ.ब.	व्यवसायिक भिसा	आश्रित परिवार भिसा	जम्मा
१.	२०७६/०७६	२०७२	१०४	२१७६
२.	२०७७/०७८	१७५९	४३६	२१९५
३.	२०७८/०७९	२३४७	५६६	२९१३
४.	२०७९/०८०	२९३९	७४४	३६८३
५	२०८० श्रावणदेखि २०८० फाल्गुण मसान्तसम्म	१५४६	५७४	२१२०

२०७६ साल देखि हालसम्मको अभिलेख हेर्दासबैभन्दा बढी व्यवसायिक भिसा चाइनाका नागरिकहरुले लिएका छन्। यो अवधिमा व्यवसायिक र आश्रित परिवार गरी जम्मा ७४५० जनाले यस्तो भिसा लिएको पाइन्छ।

व्यवसायिक भिसाको लागि आवश्यक पर्ने कागजातहरु:

- अनलाइन आवेदन
- कम्पनी रजिष्ट्रार कार्यालयको कम्पनी दर्ता प्रमाणपत्रको छाँयाप्रति
- कर प्रयोजनको लागि अस्थायी/स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको छाँयाप्रति
- व्यवसायिक प्रयोजनको लागि शेयर लगानी गरेको भए शेयर प्रमाणपत्रको छाँयाप्रति
- उद्योग दर्ता प्रमाणपत्रको छाँयाप्रति
- सम्बन्धित मन्त्रालय विभागबाट भिसाका लागि गरिएको सिफारिस
- राहदानी र अन्तिम भिसाको छाँयाप्रति

व्यवसायिक भिसाको म्याद थप गर्दा आवश्यक पर्ने कागजातहरु:

- अनलाइन आवेदन
- कर चुक्ता भएको प्रमाणपत्रको छाँयाप्रति
- सम्बन्धित मन्त्रालय/विभागकव सिफारिस
- राहदानी र अन्तिम भिसाको छाँयाप्रति

उल्लेखित कागजातहरुसहित एकल विन्दु सेवा केन्द्रमा रहेको अध्यागमन विभागको व्यवसायिक भिसा शाखामा स्वयं वा आफ्नो आधिकारिक प्रतिनिधिमार्फत् आवेदन गरिएमा सोही केन्द्रबाट भिसा प्राप्त गर्ने सकिने व्यवस्था रहेको छ । विदेशी लगानी बृद्धि गर्ने उद्देश्यले लगानीकर्तालाई कुनै किसिमको झन्झट नहोस् भन्ने हेतुले उद्योग विभागमा एकल विन्दु सेवा केन्द्रको स्थापना भएको हो । मिति २०८० साल फाल्गुण १ गते देखि छिटो, छरितो र प्रभावकारी सेवाको लागि Automation System बाट सेवा प्रवाह भैरहेको छ । यसले सेवाग्राहीले एक ठाउँबाट अर्को ठाउँ वा एक कोठाबाट अर्को कोठामा चहार्ने अवस्थाको अन्त्य भएको छ । मिति २०८०/११/०१ देखि अध्यागमन विभागबाट प्रदान गरिने सेवा प्रवाह समय समेत थप गरी विहान ८.०० बजेदेखि बेलुका ८.०० बजेसम्म २ सिफ्ट गरी सेवा प्रवाह भैरहेको छ । तोकिएको समयमा सेवाग्राहीले कुनै पनि समयमा कार्यालयमा उपस्थित भएर वा अनलाइनबाट सेवा लिन सक्ने व्यवस्था समेत गरिएको छ ।

व्यवसायिक भिसा जारी गर्दा अवलम्बन गर्ने कार्यविधि:

व्यवसायिक भिसाको लागि उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको उद्योग विभाग र बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको सिफारिसको आधारमा नेपालभित्र व्यापारिक तथा औद्योगिक व्यवसायमा लगानी गर्ने विदेशीहरु वा त्यस्ता संस्थाको अधिकृत प्रतिनिधि, नेपालबाट निकासी व्यपारमा लगानी गर्ने विदेशीहरु र नेपालमा उत्पादित मालसामानहरु खरिद गरी निकासी गर्ने विदेशीहरु तथा तिनका आश्रित परिवारलाई व्यवसायिक भिसा दिइने व्यवस्था छ ।

१ करोड वा सो भन्दा कम व्यक्तिगत लगानी गर्ने विदेशी र तिनका आश्रित परिवार वा संस्थाका अधिकृत प्रतिनिधिलाई पहिलो पटकको भिसा जारी गर्दा सिफारिस भएको मितिदेखि ६ महिनासम्मको व्यवसायिक भिसा दिने र ६ महिनाको कार्य प्रगति प्राप्त भएपछि आवश्यक्ताअनुसार निरीक्षण अनुगमन गरी बाँकी अवधिको भिसा दिने र १ करोड भन्दा बढी लगानी गर्नेको हकमा उद्योग विभागको सिफारिसको आधारमा १ बर्षसम्मको भिसा जारी गर्ने गरेको र तत्पश्चात् कम्पनी पूर्ण रुपमा संचालनमा आएको तथा योजना मुताबिकको प्रगति भएको निरीक्षणको क्रममा देखिएको अवस्थामा ५ बर्षसम्मको व्यवसायिक भिसा जारी गर्ने व्यवस्था छ ।

व्यवसायिक भिसा जुन प्रयोजनको लागि लिएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग हुन दिन नहुने र व्यवसायिक भिसामा बसेको व्यक्तिको आश्रित परिवारले सामाजिक सेवा बाहेक अन्य कार्यमा संलग्न हुन नपाउने समेत कानुनी प्रतिबन्ध छ ।

निषेधित क्षेत्रमा पदयात्रा अनुमति:

नेपालको निश्चित क्षेत्रलाई संवेदनशील र अति संवेदनशील भनी परिभाषित गरिएबमोजिम नेपालको राष्ट्रिय सुरक्षा र अन्तराष्ट्रिय सुरक्षालाई मध्यनजर गरी सीमाक्षेत्रको सुरक्षा तथा दुर्लभ वन्यजन्तु, पशुपन्छी र जडिबुटीको संरक्षण संवर्धन गर्ने उदेश्यले त्यस्तो क्षेत्रलाई प्रतिबन्धित क्षेत्रको रुपमा घोषणा गरिएको हुन्छ । त्यस्तो प्रतिबन्धित क्षेत्रमा विदेशी नागरिकलाई

निर्वाध रुपमा प्रवेश गर्न दिँदा सुरक्षा, पर्यावरण तथा मौलिकतामा आँच आउन सक्ने हुँदा पूर्व अनुमती लिएर मात्र प्रवेश गर्न दिने व्यवस्था गरिएको हो।

अध्यागमन नियमावली २०५१ को परिच्छेद ३ को नियम ३३ देखि ३९ सम्म पदयात्रा सम्बन्धी र नियम ४३ मा पर्वतारोही सम्बन्धी विशेष व्यवस्था गरिएको छ। निषेधित क्षेत्रमा पदयात्रा गर्न चाहने विदेशी पर्यटकहरुले निश्चित मापदण्ड पूरा गरी अध्यागमन विभागमा एजेन्सीमार्फत् दरखास्त दिनु पर्ने र सोही आधारमा मापदण्ड पूरा भएको भएमा अध्यागमन विभागले समय र दिन समेत तोकी पदयात्रा अनुमति जारी गर्न सक्ने व्यवस्था छ।

पदयात्रा अनुमति लिएका पदयात्रीहरुले जुन मार्ग प्रयोग गरी जान/आउन अनुमति प्राप्त गरेको हुन्छ, सोही मार्गबाट पदयात्रा गर्नुपर्ने हुन्छ। पदयात्रा अनुमती पत्रमा उल्लेखित शर्त तथा आचरणको विपरित कार्य गरेमा वा विदेशीले पालना गर्नुपर्ने आचरण र शर्तहरु पालना नगरेमा बुझाएको दस्तुर समेत फिर्ता नहुने गरीअनुमती पत्र रद्द गर्न सक्ने कानूनी व्यवस्था रहेको छ।

निषेधित क्षेत्र तोकिएका जिल्लाहरु:

नेपालका विभिन्न १३ जिल्लाका २९ गाउँपालिका र २ नगरपालिकाको निश्चित क्षेत्रलाई निषेधित क्षेत्र तोकिएको छ।

१. मुस्ताङ जिल्लाको लोमन्थाङ, लो-घेकर दामोदरकुण्ड र बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका
२. डोल्पा जिल्लाको ठुलीभेरी र त्रिपुरसुन्दरी नगरपालिका र डोल्पोबुद्ध, सेफोक्सुण्डो, छार्का ताङ्गसोङ्ग, जगदुल्ला, मुड्केचुला र काइके गाउँपालिका
३. गोरखा जिल्लाको चुमनुङ्ग्री गाउँपालिका
४. हुम्ला जिल्लाको सिमिकोट, नम्खा र चंखेली गाउँपालिका
५. ताप्लेजुङ्गको फान्ताङ्गलुङ्ग, मिक्वाखोला र सिरिजुङ्गा गाउँपालिका
६. दोलखा जिल्लाको गौरीशंकर र बिगु गाउँपालिका
७. संखुवासभा जिल्लाको भोटखोला र मकालु गाउँपालिका
८. सोलुखुम्बु जिल्लाको खुम्ब्पासाङ्गल्हामु गाउँपालिका
९. रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिका
१०. मनाङ जिल्लाको नार्पा र नासो गाउँपालिका
११. बझाङ्ग जिल्लाको साइपाल गाउँपालिका
१२. मुगु जिल्लाको मगुमकर्मारोङ गाउँपालिका
१३. दार्चुला जिल्लाको व्यास गाउँपालिका

व्यवसायिक भिसा र पदयात्राका चुनौतीहरु:

- Foreign Direct Investment (FDI) स्वीकृति प्राप्त भै लगानीको प्रकृयामा रहेका र लगानी भित्रिई उद्योग व्यवसाय संचालन गरिरहेका लगानीकर्ता छुट्याउन नसकिएको कारण एकिन विवरण उपलब्ध हुन नसक्नु।
- व्यवसायिक visa history हेर्दा Actual लगानीकर्ताभन्दा नेपालमा बस्नको लागि नेपालको भिसा प्राप्त गर्ने

उदेश्यका साथ Foreign Direct Investment (FDI) मा जाने गरेको अनुमान लगाउन गाऱ्हो पर्दैन ।

- केही लगानीकर्ताले फरक फरक व्यवसाय गर्ने भनी FDI स्वीकृत गराई व्यवसायिक भिसा लिने गरेको तर वास्तविक रुपमा लगानी भित्राएको नपाइएको ।
- व्यवसाय गर्ने भनी लगानी भित्राउने प्रतिवद्धता गरी व्यवसायिक भिसा प्राप्त गर्ने तर भिसाको उदेश्य अनुरुप कार्य नगर्ने प्रवृति बढेको ।
- व्यवसायिक भिसा सिफारिस सम्बन्धमा अध्यागमन विभाग र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,उद्योग विभागबीच आवश्यक समन्वय र अनुगमनको कमी ।
- अध्यागमन सम्बन्धी नीति नियम समयसापेक्ष संशोधन नगरिनु ।
- नेपालमा लगानी गरी व्यवसाय गर्ने तर आयकर नतिर्ने तथा छली गर्ने प्रवृत्ति देखिएको ।
- व्यवसायिक भिसामा रहेका विदेशीहरुले नेपालमा बसी संगठित अपराध, मानव बेचबिखन तथा ओसारपसार, मुद्रा निर्मलीकरण तथा आतङ्कबादमा लगानी जस्ता अपराधिक गतिबिधिमा समेत संलग्न हुने गरेको पाइएको । यसले गर्दा राष्ट्रको आन्तरिक सुरक्षामा असर गरेको र यस सम्बन्धमा छिमेकी राष्ट्रको समेत चासो बढेको ।
- पदयात्रामा तोकिएको न्युनतम अवधिको अनुमति लिई पदयात्रामा जाने तर सो अवधिभित्र यात्रा पूरा गर्न नसकेमा काबु बाहिरको परिस्थिति देखाई समय लम्बाउने र राजस्व छल्ने प्रवृत्ति बढेको ।
- पदयात्रा र पर्वतारोहरणमा जाने विदेशी व्यक्तिबाट आर्थिक प्रलोभन देखाई धर्म प्रचार गर्ने,रीतिथिती, संस्कृति, मौलिकता तथा सामाजिक सम्बन्धमा खलल पुग्ने खालका कृयाकलापहरुमा समेत संलग्न हुने गरेको पाइएको छ ।

निष्कर्ष:

सर्वप्रथम नेपालको कानूनलाई प्राथमिकतामा राखी अध्यागमनसँग सम्बन्धित ऐन, नियम, कार्यविधि तथा निर्देशिकालाई समय सापेक्ष परिमार्जन तथा शंसोधन हुन आवश्यक रहेको महसुस भएको छ । नेपालभित्र वैदेशिक लगानी गरी बसेका व्यवसायी तथा तिनका आश्रित परिवारहरु आफ्नो उदेश्यअनुरुप कार्य गरी बसेका हुन् वा के गरी रहेका छन् सो सम्बन्धी अनुगमनलाई अझ प्रभावकारी बनाउनु पर्नेछ । भिसा जारी गर्ने कार्यलाई सहज बनाउन अन्योल रहेको बिषयमा कार्यविधिलाई सरलीकृत गरी अध्यागमन प्रशासनलाई अझ व्यवस्थित गर्नुपर्ने देखिन्छ । नेपालको सार्वजनिक सेवा प्रवाहमा निर्णय गर्ने व्यक्तिले आफू अनुकुल व्याख्या गरिने प्रवृत्तिले गर्दा सेवा प्रवाहमा जटिलता र अन्यौलको स्थिति श्रृजना हुन आउने गरेको देखिँदा ऐन कानूनमा स्पष्ट व्यवस्था गरी एकरुपता ल्याउनु पर्ने आवश्यकता छ । उद्योग विभाग र अध्यागमन विभागबाट संयुक्त अनुगमन गर्ने एक संयन्त्रको निर्माण गर्न अति आवश्यक छ । यस प्रकार अनुगमनलाई प्रभावकारी बनाउन नसकिएमा नेपाल बस्नलाई मात्र विदेशी लगानीको प्रक्रिया गर्ने प्रबृत्तिको पृष्ठपोषण मात्र हुनेछ । विदेशी लगानी सम्बन्धी पर्याप्त तथ्याङ्ककको कमी र वित्तीय विवरणहरुको पूर्णतया समाञ्जस्यता नहुनु कारण समस्या देखिई रहेको हुँदा विस्तृत र तथ्यमूलक अध्ययन गरी नीतिगत, संस्थागत र प्रक्रियागत सुधारको आवश्यकता छ । विदेशी लगानीकर्तालाई छिटो छरितो सेवा प्रदान गर्न एकल विन्दु सेवा केन्द्रको प्रभावकारिता बढाउन एकल विन्दु सेवा केन्द्रमा रहेका इकाईहरुमा निकायगत प्रतिनिधित्वको सुनिश्चितता गरी सेवा प्रवाहलाई चुस्त र सरल बनाउनु पर्ने, विदेशी लगानीकर्ताको आधिकारिक प्रतिनिधि २ जना सम्मलाई व्यवसायिक भिसाको सुविधा दिइने प्रचलित ऐनको प्रावधानमा संशोधन गरी अधिकतम ५ जनासम्म आधिकारिक प्रतिनिधिलाई व्यवसायिक भिसा सुविधा दिइनु उपयुक्त हुने देखिन्छ ।

आमूल परिवर्तनको संघारमा भेटिएको अध्यागमन

निराजन श्रेष्ठ
निर्देशक, अध्यागमन विभाग

निजामति सेवामा सहभागी भएको केही वर्षहरुमा मैले विभिन्न प्रशासनिक निकायहरुमा काम गर्ने अवसर पाएको छु । म प्रत्यक्ष रुपमा संलग्न भएर नेपालको भूमि प्रशासनको आधुनिक रुपान्तरणको कठिन घडी साथै संघीयतासँगै बामे सरिरहेको स्थानीय तहको प्रशासन र विगतको साख जोगाउन तड्पिरहेको गृहप्रशासनलाई अनुभूति गर्न पाएँ । यस्तै जागिरे जीवनको निरन्तर यात्राको क्रममा मेरो सरुवा यहाँ भए संगै मैले अध्यागमन प्रशासनलाई नजिकबाट नियाल्ने अवसर पाएको छु ।

साच्चै,के हो त अध्यागमन?

हाम्रो विद्यमान ऐनको परिभाषाअनुसार "नेपालभित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थान गर्ने प्रक्रिया नै अध्यागमन हो । "

यस विभागले विदेशीहरुको आगमन, वसाई र गमन साथै नेपालीहरुको विदेश प्रस्थान र विदेशी हरुको लागि निषेधित क्षेत्रमा यात्रा अनुमतिसँग सम्वन्धित कानुनी प्रक्रियाको व्यवस्थापन गर्ने कार्य गर्दछ ।

यसअघि व्यक्तिगत तथा पारिवारिक रुपमा कुनै पनि काम नपरेको हुँदा जीवनमा म पहिलो पटक यस विभागमा प्रवेश गरेको थिए । मेरो मानसपटलमा रहेको अध्यागमन विभाग वास्तविकता भन्दा निकै फरक थियो । मैले यस अघि काम गरेको निकायहरुका कार्य प्रकृतिको आधारमा बनाएको धारणा र यहाँ आएपछि पाएको अवस्था बीच आकाश जमिनको अन्तर पाएँ । भर्खरै मात्र हरेक दिन सयौं मानिसहरुको बीचमा कागजैकागजको खातमा सेवा प्रवाह गरेर आएको म, यहाँ आउने वित्तिकै Office Automation भएको सुरुवाती चरणमा Paperless र Faceless तवरले Online माध्यमबाट सेवा प्रवाह गर्ने मौका प्राप्त भयो । शुरुवातमा आफैँलाई विश्वास लागेको थिएन तथापि नियमित यसै माध्यममार्फत् सेवा प्रवाह गर्दै जाँदा अभ्यस्त हुँदै गएको महशुस भएको छ । यस अवधिमा भएका परिवर्तन यस प्रकार रहेका छन् ।

आमूल परिवर्तन/सुधारका लागि गरिएको प्रमुख प्रयासहरु:-

- Office Automation को सुरुवात्,
- Online माध्यमबाट Faceless र Paperless सेवा प्रवाहको कार्यान्वयन,
- राजश्व तथा अन्य शुल्कहरुको Online Payment,
- ETA/E-Visa को सुरुवात्,
- Online Trekking Permit
- ३६५ दिन र १२ घण्टा (बिहान ८ देखि बेलुकी ८ बजेसम्म) सेवा प्रवाहको व्यवस्था,
- विभागको सेवा प्रवाहलाई विस्तार गरी देशै भरिका अध्यागमन कार्यालयसम्म पुर्‍याइएको,
- अध्यागमन प्रशासन सुधारका लागि आवश्यक कानून संशोधन तथा परिमार्जनको लागि आन्तरिक प्रक्रिया अघि

बढाइएको,

- सेवाग्राही मैत्री सेवा प्रवाहको लागि Office Layout Change गरी साविक ५ वटा शाखा (Non Tourist, Tourist, Business, IT र प्रशासन) हटाई २ वटा शाखा (Visa Section र प्रशासन) कायम गरिएको,
- Worldwide Online Payment system र Digital Signature प्रयोगको लागि अन्तरिक गृहकार्य भईरहेको,
- विभागले पहिलो पटक आम सेवाग्राहीको विदेश भ्रमण सुरक्षित बनाउन travel advisory जारी गरेको,
- भिजिट भिसामा विदेश जाने नागरिकहरुको सहजताको लागि ६ बुँदे निर्देशन जारी गरी यात्रा सहजीकरण गरिएको,
- विभागअन्तर्गतका कार्यालयहरुको सुधारका लागि भौतिक संरचना निर्माण, जनशक्ति व्यवस्थापन, तालिम र नविन तथा अत्याधुनिक सूचना प्रविधियुक्त प्रणालीको अध्यावधिक गर्ने कार्यको सुरुवात् गर्ने प्रयास भइरहेको।

परिवर्तनका क्रममा देखिएका समस्या तथा चुनौतीहरु:-

- नीतिगत व्यावस्था नरहेको
- कानुनी रुपमा रहेको अड्चन गर्दा E-Visa र विदेशी मुद्रामा Payment System लागू गर्न कठिनाइ रहेको
- अपेक्षित रुपमा सम्वद्ध निकायहरुको सहयोग प्राप्त गर्न नसकेको
- परिवर्तन विरोधी मानसिकता विद्यमा रहेको
- पर्याप्त स्रोत साधनको अभावमा काम गर्नु परेको
- प्रभावकारी सेवाप्रवाहको लागि दक्ष जनशक्तिको अभाव रहेको
- सेवाग्राही स्वयंलाई नयाँ प्रणालीबाट सेवा प्राप्तगर्न अन्योल भईरहेको
- अझै पनि सेवाग्राही र कर्मचारी दुबै नयाँ प्रणालीसँग विश्वस्त भइ नसकेको
- हाल लागू गरिएको नयाँ System लाई प्राविधिक रुपमा अझै धेरै सुधार गर्न बाँकी रहेको
- नक्कली कागजातहरुलाई System ले verification गर्न नसक्नु
- परम्परागत Organizational Culture
- विदेशीको नेपाल बसाईलाई Tracking System भित्र ल्याउन नसक्नु र अनुगमनका संयन्त्रहरुको प्रभावकारी परिचालन गर्न नसक्नु
- Cyber security को अवस्था चुनौती रहेको।

उपलब्धिहरु:-

विभिन्न समयमा भएको प्रयासका बाबजुत आज नेपालको अध्यागमन प्रशासनमा भएको नयाँ व्यवस्थाको सुरुवातीसँगै केही सुखद परिणाम प्राप्त भएको छ। विकसित मुलुकहरुमा जस्तै नेपाल भ्रमण गर्न चाहने विदेशी पर्यटकहरुलाई संसारको जुनसुकै कुनाबाट पनि भिसा लिन सक्ने अवस्थाको सिर्जना भएको छ। नेपाल पनि अत्याधुनिक प्रविधिको माध्यमबाट सरकारी सेवाप्रवाह गर्न सक्षम रहेको उदाहारण बन्न सफल भएको छ। भिसा प्राप्ति मात्र नभई विभागले उपलब्ध गराउने अन्य सबै प्रकारका सेवाहरु Online माध्यमबाट प्राप्त गर्न सकिने भएकोले हाम्रा सबै सेवाग्राही उत्साहित भएका छन्। Online माध्यमको सुरुवातीसँगै प्रक्रियागत झन्झट न्युन भई छिटो छरितो सेवा प्राप्त भएकोमा सेवाग्राहीको सन्तुष्टि स्तर उच्च भएको छ। यसरी Faceless,Paperless र Cashless ढंगले छिटो छरितो र सरल रुपमा गुणस्तरीय सेवा पाउने आम सेवाग्राहीहरू मात्र नभई आफूले गरेको कामको अभिलेख व्यवस्थित, सुरक्षित र तुरुन्त प्राप्त गर्न सकिने अवस्थामा रहने साथै घरैबाट पनि जुनसुकै समयमा सेवा दिन सकिने (work at home) भएकाले कर्मचारीहरुलाई समेत सहजता प्राप्त भएको छ।

अन्त्यमा:-

जे जस्तो अवस्थामा, जसरी सुधारका लागि परिवर्तनको शुरुवात् भएता पनि यसलाई आवश्यकताअनुसार थप परिमार्जनसहित सार्वजनिक हितमा समर्पण गराउन राजनीतिक नेतृत्व, प्रशासनिक व्यक्तित्व र नागरिक समाजलगायत सबै सरोकारवाला निकायको सहयोगको आवश्यकता रहेको छ। यो शुरूवाती अवस्थामा रहेको अध्यागमन प्रशासनको परिवर्तनलाई सबैको साथ, सहयोग र योगदानले सर्वोच्च स्थानमा पुर्‍याउन सफल हुनेछ। यसबाट सार्वजनिक हित र सुशासन सवल हुनुका साथै पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगी आर्थिक सम्मुन्नति कायम गर्दै समग्र राष्ट्र हित अभिवृद्धि हुनेछ।

Digital DoI: A Technological Overview


Shuvashis Kunwar
Computer Engineer

Introduction

Immigration is the oftentime first interaction travelers have with any country, and it sets the stage for their visit. A smooth and welcoming process can boost a country's image, while a negative one can discourage future visits. This may impact the tourism sector ambitions our country has. Being the primary authority responsible for executing and implementing Nepal's immigration laws, the Department of Immigration (DoI) is committed to providing better, faster, and more reliable services. Over this decade, the DoI has taken various technological steps to streamline processes. This article aims to familiarize them along with their recent developments and way forward in technological advancement of DoI.

ICT infrastructure

DoI and its border offices utilize various ICT services, such as the centralized system NepaliPort, email services, SMS services, websites, and file servers, to facilitate immigration administration. Given the criticality of those services, the department has established its own ICT infrastructure co-located most of its part in the Government Integrated Data Center (GIDC) situated at Singhadurbar. All the control and administration of the system has been managed by the department itself. Additionally, DoI has also established a local data center at Immigration Office, Tribhuvan International Airport (TIA) to handle unforeseen circumstances. Besides, DoI has also maintained a backup infrastructure at Disaster Recovery Site (DRS), Hetauda.




Current Infrastructure Details

Currently DoI has three tier server architecture at GIDC along with the recent addition of a local data center at TIA for added redundancy.

Although a local data center is present at TIA, it takes some time for switchover due to active/

passive configuration. There have been many instances where immigration had to halt its online services and switch to manual operation mode due to issues at the GIDC data center. This has created problems for travelers as they have to wait for hours to process through immigration. This has somehow created a bad image for the whole country. To rectify this problem DoI is planning for Hyper Converged Infrastructure (HCI) based private cloud where recovery time is as low as zero. This means immigration can remain functional even if one of the data centers fails. Plan is shown in figure below:



NepaliPort system

DoI has been utilizing its proprietary information system, NepaliPort, which is being utilized by both immigration offices in the country and Nepalese Diplomatic Missions abroad. The system is a complete package of web and desktop applications for border monitoring and control, visa application, processing and managing, trekking permit processing as well as various other services offered by the Department. It is developed on a modular basis for easy maintenance and scalability.

The NepaliPort application consists of the following major functional modules:

a. Online Visa Application Module provides a platform for an online application,

b. Visa Processing Module for visa issuance, extension, conversion, transfer and upgrade,

c. Diplomatic Mission Module for an online application and processing of visa at Nepalese Diplomatic Missions abroad,

d. Trekking Permit Module for online registration of trekking agencies and trekking permit application to restricted areas,

e. Administration Module to process the Trekking Agencies Registration and Trekking permit applications,

f. Desktop Module to keep a record of entry/exit of travelers and to process on-arrival visa requests at immigration points,

g. Airport Terminal Duty and Shift Management Module,

h. Administrative Content Management Module to configure the business rules into the software logic,

i. Reporting Module with the capacity to generate customized and segregated reports,

j. Visa Printing Module for generating printed visa with QR Code,

k. The backend Module works as a core engine of the entire system,

Besides, the following integrations are also in the place,

a. Integration of Passport Reader Machine and Biometric Data Capture Devices

b. Integration with stakeholders' systems i.e., Foreign Employment Management Information System (FEMIS) of Department of Foreign Employment, Department of Consular Services to fetch official/diplomatic visa information, INTERPOL, Revenue Management Information Management System (RMIS) of FCGO, Ministry of Education for No Objection Certification (NOC) through API etc.


Recent Developments on NepaliPort


The NepaliPort system is continuously evolving day by day as per the need of the department. Guided by the paperless governance concept of digital Nepal framework, DoI has made some major changes to NepaliPort and workflow recently. Some of them can be highlighted below:

a. Office automation system:

Although the NepaliPort has been in use for more than 4 years, the documentation was done physically. Travelers had to visit the office for all visa processing steps. To enhance the travelers as well as office staff's experiences, an automation system has been introduced. This automation has changed some business processes which make work easier for both visa/permits applicants and DoI staff. Now, the travelers don't have to visit the office for visa related processes. They apply at the comfort of their home and visit DoI to collect approved visas. Digital signature is also being integrated into

the system for paperless visa processing. Some of highlights of newly launched office automation system are shown in figures below:





b. Electronic Travel Authorization (ETA)


The NepaliPort system is used by DoI, immigration offices, entry/exit points, and Nepalese diplomatic missions overseas for various immigration services, whereas the design, security features, procurement and distribution of visa stickers are administered by DoI. Furthermore, the department distributes the visa sticker to all land ports and airports within Nepal. Whereas in the past, in diplomatic missions overseas, a visa number was generated by the NepaliPort System and it was written to a manual sticker put in the passport.

To replace the manual visa stickers, DoI has launched the Electronic Travel Authorization (eTA) for diplomatic missions. In simple words, an eTA is a printed paper visa (in A4 size) pending approval issued by the diplomatic missions overseas after the verification of details and payment is made by the traveler. So, upon arrival at an entry point, the eTA will be approved and the corresponding visa sticker will be put in the passport.


Recently, the scope of the eTA was broadened. Now the traveler can directly apply eTA to DoI. After the verification of application by immigration officer at DoI, the payment voucher is generated and sent to the applicant's email address. Now the applicant can pay the visa fee through Nepali banking channels and e-wallets. Currently, international payment is not supported due to FCGO's payment gateway limitation. After processing the payment, eTA is issued by DoI and sent to the applicant's email which can be printed and produced at border check-ins.

ETA (Electronic Travel Authorization):-E-VISA


Apply for ETA online before arriving in Nepal



ETA (Back Office Processing)




ETA Border Port Processing / VISA Print



c. Online payment


DoI has recently launched the online payment accepted through all the Nepali banking channels and e-wallets.

Online Payment (Nepali Online Payment Channel)




हाल अध्यागमन विभागले सेवा शुल्कबापत अनलाईन मार्फत लिने भुक्तानी

d. Trekking permit automation




The trekking permit system has also been automated. Now the trekking agencies don't have to visit the DoI office for the processing. They can apply for new agency registration and use the agency portal to apply for the trekking permits. After the permit is approved, they can make the payment online and print the permits themselves.



Journey Ahead

a. Automated Biometric Identification System (ABIS)

The Automated Biometric Identification System (ABIS) is a sophisticated solution used for recognizing individuals based on distinct biological features such as fingerprints, facial characteristics, and iris patterns. ABIS serves as an authoritative database that processes and stores various biometric modalities. Its primary purpose is to support storing, matching, and sharing biometric data collected during border check-ins. In the context of immigration and border control, ABIS plays a crucial role in:



Department of Immigration
Kalikasthan, Dillibazar, Kathmandu
+977-01-4429659, 4429660
info@immigration.gov.np

In accordance with the rule 33 of Immigration Rules, 1994, the permission is hereby granted to and for:

Trekking Permit

Name:	ADASR ADSA
Nationality	United States of America (USA)
Passport Number	241234313214
Trekking Route	Top Mustang
Trekking Agency	ABC trekking Agency
Trekking permit no	TP24000018
Trekking sticker no	DoIP000000006
Trekking Schedule	February 25, 2024 to March 05,2024
Trekking Fee($)	500

Identity Verification: It verifies the identities of travelers, ensuring secure and efficient border crossings.

Fraud Detection: ABIS detects fraudulent documents, preventing illegal immigration.

Biometric Identification: It matches biometric data against stored records to identify individuals.

The DoI is currently working to make use of data collected by the national ID program for identity verification of Nepalese citizens in border check-ins.

b. Advance Passenger Information System

The Advance Passenger Information System (APIS) is a program used by governments and transportation authorities to enhance border security and streamline the processing of travelers entering or leaving a country. APIS requires airlines and other transportation carriers to provide specific passenger information, such as passport details, visa information, and travel itinerary, before departure. This information is used by border control agencies to perform risk assessments, identify potential security threats, and facilitate the entry or exit of travelers. APIS helps improve border security by allowing authorities to pre-screen passengers and take necessary actions to ensure the safety and security of travel operations.

The Department could use the APIS to enhance border security and immigration

control. By implementing APIS requirements for airlines operating in Nepal, the DoI could collect and analyze passenger information before travelers arrive or depart. This information could include passport details, visa information, and travel itineraries, which would allow the department to perform pre-screening of passengers and identify any potential security risks. APIS could also help the department improve the efficiency of immigration processing by streamlining the verification of passenger information and reducing the need for manual data entry.

c. Automated Border Control System

Automated border control (ABC) systems, commonly known as e-gates, are increasingly used by countries worldwide to enhance the efficiency and security of border crossings. These systems utilize advanced technologies such as biometric recognition (e.g., facial recognition, fingerprint scanning) and electronic passports (e-passports) to verify travelers' identities and automate the border clearance process. ABC systems can help reduce waiting times for travelers, streamline border control procedures, and improve security by providing more accurate and reliable identity verification. By automating routine checks, border control authorities can focus their resources on higher-risk individuals, thereby enhancing overall border security.

DoI has been including the seeding budget for this project since the last 3-4 years but due to limited budget availability the project could not be implemented. Using this technology can help the DoI take a leap forward in arrival/departure in border points.

d. e-Arrival

e-Arrival, short for electronic arrival, is a digital system used by immigration authorities to streamline and enhance the arrival process for travelers entering a country. This system allows travelers to provide their arrival information electronically before reaching the border, often through an online portal or mobile application. By submitting information such as passport details, travel itinerary, and other required documentation in advance, travelers can expedite the immigration process upon arrival. e-Arrival systems improve efficiency at border control points by reducing queues, facilitating quicker processing times, and enhancing security through pre-screening of travelers. Overall, e-Arrival systems provide a more seamless and convenient experience for travelers while enabling immigration authorities to maintain effective border control measures. e-Arrival often precedes the e-Gates check-ins. DoI is planning to implement this project in the coming fiscal year.

e. e-Visa


An e-Visa, or electronic visa, is a digital version of a traditional visa that allows travelers to apply for and obtain a visa online without having to visit an embassy or consulate.

E-visas are typically linked to the traveler's passport electronically, eliminating the need for physical visa stamps. Travelers can apply for an e-Visa through an online application portal, where they provide the required information, such as passport details, travel itinerary, and purpose of visit. The application is processed electronically, and if approved, the e-Visa is emailed to the traveler. E-Visas offer a convenient and efficient way for travelers to obtain a visa, streamlining the visa application process and reducing the need for in-person visits to diplomatic missions.

The DoI has done the main underlying work for the e-visa which is eTA. If we add the international payment to eTA issuance then we can technically issue e-visas. (To legally issue e-visa current immigration act and rules need to be amended).

f. New ICAO standard security visa sticker

The Department has completed the design of a new ICAO standard security visa sticker which has been sent to the ministry for approval.



हाल विभागले प्रदान गरिरहेको भिसा स्टिकर

नयाँ प्रयोगमा ल्याउन लागिएको
VISA Sticker Design

Conclusion

As the primary authority responsible for executing and implementing Nepal's immigration laws, the Department of Immigration (DoI) is dedicated to enhancing its services through the use of ICT. The DoI is actively working to streamline immigration processes, including arrival/departure, issuance/extension of visas and trekking permits, by leveraging ICT to improve efficiency and reliability. By adopting new infrastructure solutions like HCI and other digital solutions, such as e-visas, e-payment and office automation, the DoI aims to provide better and faster services to travelers. Additionally, the department is continuously evolving its technology stack to keep pace with advancements in technology and to meet the changing needs of travelers. Through these efforts, the DoI is committed to enhancing the overall immigration experience for travelers visiting and staying in Nepal.

Nepal's Gateway: A Review of Visa Processing and Passport Control at TIA

Rembu Chamling Rai
Section Officer, MoHA

Background

At Tribhuvan International Airport (TIA), the main international airport in the country, the Immigration Office is the sole front-line government agency in charge of visa processing and passport control, which is the point of contact for every traveller arriving in Kathmandu from any international airports around the world. This office is in charge of ensuring that travellers abide by Nepal's immigration laws and regulations and have the required documentation to enter the country. It is committed to achieving national and global objectives, such as boosting tourism (Bhattarai, 2019), fostering international connections (Nepal Cheap Flights), obtaining foreign currency, and lowering transnational crimes. It makes an effort to carefully strike a balance between the growth of tourism and national security.

The primary objective of this article is to evaluate the effectiveness and efficiency of the visa processing and passport control procedures at the Immigration Office, TIA. With an emphasis on the traveller experience and security measures, the article will examine the current state of these procedures, highlighting both their advantages and disadvantages. Drawing on the requirements for a varied range of travellers, this review will analyse the strengths and weaknesses of the visa processing and passport control, considering traveller experience, security measures, and offer potential areas for improvement.

1. visa processing and Passport Control

Foreign travellers go through a series of checks at immigration to make sure they are complying with immigration laws and regulations in Nepal. (Law Books Management Board, 2049) First, immigration officers check the travellers' passport or any other valid travel documents and visa to ensure their legitimacy before allowing them entry into Nepal. This covers both the processes for obtaining a visa in advance and after arrival.

Three categories of entry visas—transit, tourist, and gratis—are issued at the Immigration Office. A transit visa is a type of short-term, 24-hour visa that enables travellers to pass through Nepal while travelling to another country. There are three types of tourist visas: 15-day, 30-day, and 90-day. Children under ten, nationals from SAARC (except from Afghanistan), holders of non-resident Nepalese cards, and Chinese nationals are all eligible for a gratis (free) visa. To obtain a free visa, diplomats and officials must show a recommendation letter from the Department of Immigration. (Immigration Office, TIA)

Visas are waived for diplomats, official passport holders, and holders of service passports from Brazil, Cambodia, China, Georgia, Israel, Mongolia, Myanmar, Oman, Qatar, Russia, Thailand, and Vietnam. Such visa exemptions are in practice based on reciprocity treaties between the government of Nepal and the exempted nations.

Before leaving for Nepal, foreign nationals from Afghanistan, Nigeria, Cameroon, Iraq, Palestine, Somalia, Syria, Ethiopia, Ghana, Zimbabwe, Swaziland, and Liberia must obtain a tourist visa from Nepalese diplomatic missions (Embassies and Consulates). This requirement does not apply to officials or diplomatic passport holders. (Department of Immigration, 2065)

Travellers with pre-arranged visas must show both their passport and the visa at the desk. For visa-on-arrival, the travellers must fill out an application using a kiosk machine or one of their own devices, such as a phone, tablet, or laptop. Travellers pay the visa fee prior to proceeding towards the passport check desk. Immigration officers investigate any criminal records or other issues that might prevent travellers from entering Nepal.

In addition to taking the traveller's digital photo and gathering biometric data (such as their fingerprint and iris), officers may also interview the individual about the purpose of their visit and stay details in Nepal. If all goes as planned, the traveller will be permitted to enter Nepal and proceed to baggage claim and customs.

In the case of Nepalese citizens, they will still have to pass through immigration checks. It will be far easier to complete than for foreign visitors, though. Their valid passport or any valid travel document or Nepali citizenship card (applicable only for arriving from India) must be presented. In order to confirm their identification and confirm that they are a citizen of Nepal, the immigration officer will look through their passport or citizenship card. They might also be questioned briefly regarding the reason for their visit and the origin of their travels. If all goes according to plan, they will be allowed to enter Nepal.

Indian nationals do not require a visa. They must, nonetheless, possess a valid passport or any valid travel document or be required to present identification as proof of their Indian citizenship, such as a voter card, if they do not have a passport. Only minor travellers and senior citizens may use an Adhar card. Minors may, nevertheless, show their birth certificate.

Travellers may become confused in a few places and at potential bottlenecks, particularly when it comes to visa procedures. To begin with, getting a visa can be a complicated process, especially for people who are unfamiliar with it. Visas come in a variety of forms, each with specific needs, such as tourist, diplomatic, official, gratis, and transit. The application procedure can sometimes be time-consuming, and it might not always be easy to get all the information you need online. Second, there may be confusion in the passport control procedure. It is imperative for passengers to ensure that all of the necessary documents, including their passport, boarding pass, visa application, payment receipt, flight ticket, hotel reservation, and so on, are in order. Confusion may also arise from the numerous inquiries

that immigration officers may ask travellers. Third, there could be a chance of lengthy lineups during the visa processing and passport control at the immigration desk. For travellers, especially those with limited time, this can be difficult. Lastly, ambiguous communications or signage may cause confusion for certain travellers. It's critical to recognise these possible obstacles and areas of misunderstanding to prevent any unnecessary delays or issues.

Travellers may become confused by unclear signage and information, particularly when it comes to the requirements and processes for obtaining a visa. Travellers have complained about confusing signage and communication, such as inconsistent signage about visa processing and passport control procedures, ambiguous information about visa requirements, a lack of support staff, and interpretive difficulties. (Flightradar24)

2. Security Measures:

Biometrics are unique physical characteristics, such as fingerprints or iris scans, that can be used to identify individuals. An immigration officer collects a person's fingerprints, photo, and iris during a biometric screening in order to check government records for any relevant prior immigration infractions or major criminal histories. Usually, the biometrics appointment is quick and easy. Watchlist (Interpol, blacklist, and watchlist) checks are used to identify individuals who are known to be associated with terrorism or other criminal activity. Document verification is the process of checking to make sure that travel documents are genuine and that they have not been tampered with. By using a combination of visa checks, biometrics, watchlist checks, and document verification, immigration officers can help to ensure that only legitimate travellers are allowed to enter the country.

